आज मिति २०७९।०३।२९ गते बुधबारको दिन दिउँसो ०१:०० बजे यस बाणगंगा नगरपालिकाका नगर प्रमुख श्री चक्रपाणी अर्यालज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका प्रस्ताव माथि छलफल गरी निर्णय गर्न निम्नानुसारका पदाधिकारीहरुको उपस्थिति रहेको छ।

उपस्थिति:

| क्र. स. | पदाधिकारीहरुको नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चक्रपाणी अर्याल | नगर प्रमुख | |
| २ | रीता कुमारी चौधरी | नगर उपप्रमुख | |
| ३ | संजु कुमार सारु मगर | वडाध्यक्ष | |
| ४ | विष्णु प्रसाद पौडेल | वडाध्यक्ष | |
| ५ | टेक बहादुर झेडी मगर | वडाध्यक्ष | |
| ६ | छविलाल रेश्मी मगर | वडाध्यक्ष | |
| ७ | दुनिका प्रसाद भुसाल | वडाध्यक्ष | |
| ८ | करुण टण्डन | वडाध्यक्ष | |
| ९ | विष्णु गिरी | वडाध्यक्ष | |
| १० | बाबुराम अर्याल | वडाध्यक्ष | |
| ११ | कमल पौडेल | वडाध्यक्ष | |
| १२ | यम प्रसाद पोखेल | वडाध्यक्ष | |
| १३ | नरेन्द्र प्रसाद थारु | वडाध्यक्ष | |
| १४ | केशरा गुरुङ्ग | कार्यपालिका सदस्य | |
| १५ | चन्द्रवती थारु | कार्यपालिका सदस्य | |
| १६ | दानु घर्ती | कार्यपालिका सदस्य | |
| १७ | शान्ता पाण्डे | कार्यपालिका सदस्य | |
| १८ | शारदा परियार | कार्यपालिका सदस्य | |
| १९ | कृष्ण कुमार सुनार | कार्यपालिका सदस्य | |
| २० | डिल बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २१ | पिताम्बर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| २२ | टेकराज पन्थी | सचिव | |

बाणगङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बाणगङ्गा, कपिलवस्तु

लुम्बिनी प्रदेश, नेपाल

मितिः २०७९।०३।२९

कार्यपालिका बैठकका प्रस्तावहरु-

१. नदीजन्य पदार्थको राजस्व असुली तथा बैंक ग्यारेन्टी फुकुवा सम्बन्धमा।

२. आम्दानी खर्चको अनुमोदन

३. नगरको वित्तिय शुसासन प्रतिवेदन र प्राप्ताङ्क सम्बन्धमा।

४. योजनाहरुको अनुगमन प्रतिवेदन सम्बन्धमा।

५. योजना तथा कार्यक्रमहरुको फरफारक सम्बन्धमा।

६. कार्यपालिकाले गरेका निर्णयहरु र कार्यान्वयन गरेका योजनाहरुको अनुमोदनको लागि नगरसभामा सिफारिस सम्बन्धमा।

७. संघ तथा प्रदेश सरकारबाट योजनाहरु थप भई कार्यान्वयन भएका योजनाहरु सम्बन्धमा।

८. कर्मचारी समायोजन तथा मिलान सम्बन्धी विधेयक नगरसभामा स्वीकृतिको लागि सिफारिस सम्बन्धमा।

९. करारका कर्मचारीहरुको निरन्तरताको लागि म्याद थपको सिफारिस सम्बन्धमा।

१०. रोजगार संयोजक र रोजगार सहायकको विज्ञापन सम्बन्धमा।

११. योजनाहरुको म्याद थप सम्बन्धमा।

१२. नगर प्रवक्ता सम्बन्धमा।

१३. नदीजन्य पदार्थको IEE सम्बन्धमा।

१४. विविध

***निर्णयहरुः-***

**निर्णय नं. १**

गत आ.व. ०७७।७८ मा यस नगरपालिकाले बाणगङ्गा नदी अन्तरगत बनकसिया, भगलापुर नाकाबाट ६६ हजार ८ सय ८० घन मिटर नदीजन्य पदार्थको उत्खन्न र निकासी हुने गरी ठेक्का नं. ३२/०७७/७८ र न्यूनतम अंक रु. १ करोड ९१ लाख ७४ हजार ६ सय ३५ राखि मिति २०७७।०८।२९ मा गरेको बोलपत्र सूचना बमोजिम बाणगङ्गा नगरपालिका वडा नं. ५ स्थित ओम सत्यसाई कन्सट्रक्शनले रु. २ करोड ८७ लाख ७७ हजार ७ सय ७७ भ्याट बाहेकको रकम बोलकबोल गरी निजको बोलकबोल नगरबाट स्वीकृत भई रु. १ करोड ६७ लाख ७७ हजार ७ सय ७८ नगरको विभाज्य कोष खातामा दाखिला गरी अग्रिम आयकर बापत रु. २ लाख १५ हजार ८ सय ३४, भ्याट रकम रु. १८ लाख ७० हजार ५ सय ५६ दाखिला गरी मिति २०७७।१०।२९ मा नगरपालिका संग नदीजन्य पदार्थको उत्खन्न र निकासी गर्ने सम्झौता गरी नदीजन्य पदार्थ उत्खन्न र निकासी गरीरहेकै अवस्थामा जिल्ला समन्वय समितिले अनुगमन गरी २०७८।०१।०६ मा भग्लापुर बनकसिया नाकाको ठेक्का बन्द गर्न पत्राचार भएकोमा अर्को व्यवस्था नभएसम्मका लागि ठेक्का तत्काल बन्द गर्न नगरले समेत पत्राचार गरेकोमा सो ठेकेदारले सोही विषयलाई उठाई कोभिड-१९ को कारण र नगरपालिकाको कारणले ठेक्का सञ्चालन हुन नसकेकोले रकम फिर्ताका लागि मिति २०७८।०१।१९ मा नगरपालिका समक्ष पत्राचार गरेको र सोही विषयलाई लिई मिति २०७८ आषाढ ९ मा नगरपालिकालाई विपक्षी बनाई उच्च अदालत तुल्सीपुर, बुटवल ईजलास समक्ष

मुद्दा दायर भई दुवै पक्ष बीच बहस र छलफल हुंदै आएको सन्दर्भमा उच्च अदालत तुल्सीपुर, बुटवल ईजलासबाट २०७८।०९।१६ मा चलानी नं. ५१२७ को पत्र प्राप्त हुन आएकोले दुवै पक्षबीच एकआपसमा छलफल र समझदारी गरी निवेदकले पाउने पर्ने देखिएको रकम फिर्ता दिनुभनी परमादेशको आदेश जारी हुने ठहर्छ भनी आएकोले उत्खनन हुन बांकी परिमाणको हिसाव गर्दा ठेकेदारले कार्यालयलाई बुझाउनुपर्ने सबै रकम बुझाई आएमा बैंक ग्यारेन्टी फुकुवा गर्ने।

**निर्णय नं. २**

चालु आर्थिक वर्ष ०७८।७९ को अनुमानित कूल बजेट (आम्दानी) रु.१,३१,०७,४८०००।- (सामाजिक सुरक्षा रु.२५,००,००,००० समेत) रहेकोमा आर्थिक वर्षको अन्तिममा हिसाव गर्दा रु.१,४६,५८,१२,४०४।- (सामाजिक सुरक्षा रु.३१,२०,४५,२६४।-समेत) यथार्थ बजेट रहेको र सो मध्ये रु.८७,४३,८६,२०३।- र सामाजिकस सुरक्षा रकम रु.३०,२५,२८,३८७।- गरी जम्मा रु.१,१७,६९,१४,५९०।- खर्च भएकोले आ.व. ०७८।७९ को आम्दानी खर्च अनुमोदनको लागि नगरभामा सिफारिस गर्ने।

**निर्णय नं. ३**

आ.व. ०७७।७८ स्थानीय तह वित्तिय शुसासन जोखिम मूल्याङ्कन गर्दा यस बाणगङ्गा नगरपालिकाको निम्नानुसारको प्राप्ताङ्क रहेको ले सोही प्राप्ताङ्क अनुसारको प्रतिवेदन सार्वजनिक गर्ने।

| सि.नं. | विषयगत क्षेत्र | प्राप्ताङ्क |
|---|---|---|
| १ | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | १५.५ |
| २ | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | २६ |
| ३ | लेखाङ्कन तथा प्रतिवेदन | १३ |
| ४ | अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण | १३.५ |
| ५ | राजस्व व्यवस्थापन | १४.५ |
| | जम्मा | ८२.५ |

**निर्णय नं. ४**

चालु आर्थिक वर्ष ०७८।७९ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यान्वयन भई अनुगमन गरिएका योजना तथा सो सम्बन्धी प्रतिवेदन विवरण नगरसभामा प्रस्तुतीका लागि सिफारिस गर्ने।

**निर्णय नं. ५**

चालु आर्थिक वर्ष ०७८।७९ मा स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यान्वयन भई सम्पादन गरीएका योजना तथा कार्यक्रमहरुको फरफारक प्रतिवेदन प्रस्तुतिको लागि नगरसभामा प्रस्तुतीका लागि सिफारिस गर्ने।

**निर्णय नं. ६**

बाणगङ्गा नगर कार्यपालिकाले आर्थिक वर्ष ०७८।७९ मा गरेका निर्णयहरु र कार्यान्वयन गरेका योजनाहरुको अनुमोदनको लागि नगरसभामा सिफारिस गर्ने।

**निर्णय नं. ७**

आर्थिक वर्ष ०७८।७९ को अनुमानित कूल बजेट (आम्दानी) रु.१,३१,०७,४८०००।- रहेको यथार्थ बजेट रु.१,४६,५८,१२,४०४।- भएकोले संघ तथा प्रदेश सरकारबाट प्राप्त थप बजेट तथा कार्यक्रमहरुलाई अनुमोदनको लागि नगरसभामा सिफारिस गर्ने।

**निर्णय नं. ८**

साविक स्थानीय स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ बमोजिम स्थायी नियुक्ती भई साविक स्थानीय निकाय (गाउँ विकास समिति, नगरपालिका तथा जिल्ला विकास समिति) मा कार्यरत रही कर्मचारी समायोजन अध्यादेश-२०७५, कर्मचारी समायोजन ऐन,२०७५ एवं स्थानीय सरकार सञ्चालन ऐन,२०७४ बमोजिम बाणगङ्गा नगरपालिकामा समायोजन भएका कर्मचारीहरुलाई प्रोत्साहन तथा वृत्ती विकासका अवसरहरु उपलब्ध गराउन आवश्यक भइ कर्मचारी समायोजन ऐन, २०७५ को दफा २३ बमोजिमको मापदण्ड बनाई कर्मचारीको मनोबल उच्च बनाउनका लागि कानूनी व्यवस्था गर्न बाणगङ्गा नगरपालिकामा

साविक स्थानीय निकायबाट समायोजन भएका स्थायी कर्मचारीहरुलाई प्रोत्साहन सुविधा उपलब्ध गराउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७९ (मस्यौदा) स्वीकृतिको लागि नगरसभामा सिफारिस गर्ने।

**निर्णय नं. ९**

यस बाणगङ्गा नगर पालिका एवं अन्तर्गतका कार्यालयहरुमा करार सेवामा आ.व.०७८।७९ को असार मसान्त सम्म कार्यरत सबै कर्मचारीहरुको आ.व.२०७९ श्रावण १ गते देखि २०८० असार मसान्तसम्म सम्बन्धीत पदको शुरु तलव स्केलमा नबढ्ने गरी म्याद थप गर्न नगरसभामा सिफारिस गर्ने।

**निर्णय नं. १०**

आगामी आर्थिक वर्ष २०७९।०८० को लागि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रोजगार संयोजक र युवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना कार्यक्रम अन्तर्गत रोजगार सहायकको लागि बजेट व्यवस्थापन भई आएकोले १(एक) जना रोजगार संयोजक र १(एक) जना रोजगार सहायक को पदपूर्तीको लागि विज्ञापन प्रकासन गर्ने साथै आ.व. ०७७।७८ मा २०७७।११।२८ गते प्रकासित रोजगार संयोजकको सूचना अनुसार निर्धारित समयभित्र फारम बुझाएका व्यक्तिहरुको हकमा निजहरुले पेश गरेको फारमलाई नियमानुसार मान्यता दिने।

**निर्णय नं. ११**

आर्थिक वर्ष २०७८।७९ मा सम्झौता भई कार्यान्वयनमा रहेका तर सम्झौता अवधीमा सम्पन्न हुन नसकेका निम्नानुसारका योजनाहरुको म्याद थप को लागि नगरसभामा सिफारिस गर्ने।

| S.No. | Project Name | Contract ID | Form | Agreement Amount | Paying Amount | Remaining Amount |
|---|---|---|---|---|---|---|
| 1 | Construction of Isolation Ward at Pipara Hospital | 6/NCB/BMO/KAPIL/WORK/78-79 | Shree Gorakhnath Construction & Merchandiser Pvt.Ltd | 8,680,249.33 | 7,178,249.33 | 1,502,000.00 |
| 2 | Construction of Premix Road from Bandauli Gansahawa to Chappargaun, Ward 8 | 8/NCB/BMO/KAPIL/WORK/78-79 | Sahani Builders | 5,510,516.00 | 3,560,604.00 | 1,949,912.00 |
| 3 | Construction of Asphalt Concrete Road with Cross-Drainage Structure at Ward 3 | 11/NCB/BMO/KAPIL/WORK/78-79 | Sahani Builders | 10,182,414.00 | 1,620,951.00 | 8,561,463.00 |
| 4 | Construction of Premix Road with Cross Drainage Structure at Ward 6 | 15/NCB/BMO/KAPIL/WORKS/78-79 | Sahani Builders | 4,452,691.00 | 1,554,293.00 | 2,898,398.00 |
| 5 | Construction of Premix Road with Cross Drainage Structure at Ward 11 | 16/NCB/BMO/KAPIL/WORKS/78-79 | Sahani Builders | 3,624,256.00 | 1,872,949.00 | 1,751,307.00 |
| 6 | Construction of Premix Road with Cross-Drainage at Ward 1 | 27/NCB/BMO/KAPIL/WORKS/78-79 | Jay Ambe /SABR Construction JV | 5,100,900.61 | 1,071,486.00 | 4,029,414.61 |
| 7 | Construction of Asphalt Concrete Road from Chamkipur to Thanti Road Ward 3 | 28/NCB/BMO/KAPIL/WORKS/78-79 | Rhidam Construction | 6,929,820.00 | 2,667,414.00 | 4,262,406.00 |
| 8 | Construction of Premix Road with Cross Drainage Structure at Siddhipur, Shantidanda and Jhunga Ward 4 | 30/NCB/BMO/KAPIL/WORKS/78-79 | Rhidam Construction | 5,907,106.14 | 4,590,782.80 | 1,316,323.34 |
| 9 | Construction of Janajyoti School Building at Motipur Ward 7 | 32/NCB/BMO/KAPIL/WORKS/78-79 | Khanchi-Sitara JV | 10,868,154.92 | 9,294,865.63 | 1,573,289.29 |
| 10 | Construction of First Floor at Janata Ma.Vi. for 3S-12CR Building | 39/NCB/BMO/KAPIL/WORKS/78-79 | Bhagwati Construction | 6,471,254.16 | 3,559,888.04 | 2,911,366.12 |
| 11 | Construction of Premix Road From Bandauli Gansawa to Chappargau Ward-8 | 44/NCB/BMO/KAPIL/WORKS/78-79 | Shisir Barsha Nirman Sewa | 3,572,709.71 | 1,541,253.44 | 2,031,456.27 |
| 12 | Construction of Asphalt Road From Gajehada Tinkune to Rajapani Sadak Ward-4 | 45/NCB/BMO/KAPIL/WORKS/78-79 | Shisir Barsha Nirman Sewa | 2,746,816.44 | 1,973,049.94 | 773,766.50 |

| S.No. | Project Name | Contract ID | Form | Agreement Amount | Paying Amount | Remaining Amount |
|---|---|---|---|---|---|---|
| 13 | Construction of Remaining Works of Janajyoti School at Ward 7 | 47/NCB/BMO/KAPIL/WORKS/78-79 | Sitara Construction and Suppliers Pvt.Ltd | 3,627,960.61 | 2,834,557.21 | 793,403.40 |
| 14 | Construction of Ward Level Health Care Center, Ward 4 | 51/NCB/BMO/KAPIL/GOODS/78-79 | Bhagwati Construction | 5,181,262.00 | | 5,181,262.00 |
| 15 | Road Maintenance Works at Different sites of Municipality | 53/NCB/BMO/KAPIL/WORKS/78-79 | saptrishi nirman sewa | 4,979,968.00 | | 4,979,968.00 |
| 16 | Janata School Boundary Wall | 54/NCB/BMO/KAPIL/WORKS/78-79 | Deurali Construction Pvt.Ltd | 2215434.812 | - | 2,215,434.81 |
| 17 | रमेश खड्काको घर देखि प्रहरी विट अधुरो पुरा गर्दै वुद्य रंगशाला जोड्ने सडक कालोपत्रे | 70/30 | उ.स | 1428704 | 1,019,557.00 | 409,147.00 |
| | **Total** | | | | | **45,638,317.34** |

## निर्णय नं. १२

बाणगङ्गा नगरपालिकाको कार्यसम्पादन नियमावली, २०७४ को नियम १७ बमोजिम यस नगरपालिका वडा नं. २ का अध्यक्ष श्री बिष्णु प्रसाद पौडेललाई नगर प्रवक्ता तोक्ने ।

## निर्णय नं. १३

बाणगङ्गा नगरपालिका अन्तर्गतका खोला तथा नदीहरुबाट आ.व.२०७९।०८० र २०८०।०८१ मा नदिजन्य पदार्थ संकलन तथा व्यवस्थापनको लागि प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गर्ने ।